# सोह्रौं योजना तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८०

रा.यो.आ.बाट स्वीकृत मितिः २०८०/०२/२५

राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ को दफा ६ मा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत **दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा** गर्नु रहेको; हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजनाको अवधी आ.व.२०८०/८१ बाट सकिने र तत् पश्चात आ.व. २०८१/८२ बाट लागू हुनेगरी सोह्रौं योजना कार्यान्वयनमा ल्याउनुपर्ने अवस्था रहेको हुँदा उक्त योजना तर्जुमालाई व्यवस्थित एवम् प्रभावकारी बनाउन केही संस्थागत व्यवस्था तथा तिनको काम, कर्तव्य र अधिकार निर्धारण गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ को दफा २५ ले दिएको अधिकार प्रयोग गरि राष्ट्रिय योजना आयोगले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम **"सोह्रौं योजना तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्नेछ।

(ख) "योजना" भन्नाले सोह्रौं योजना सम्झनु पर्नेछ।

(ग) "गठन तथा कार्य सञ्चालन आदेश" भन्नाले "राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४" सम्झनु पर्छ।

(घ) "परिषद्" भन्नाले राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ७ बमोजिम गठन भएको राष्ट्रिय विकास परिषद्लाई सम्झनु पर्छ।

३. **निर्देशक समिति:**

(१) सोह्रौं योजनाको अवधारणापत्र तथा पूर्ण दस्तावेज उपर छलफल, सुझाव, परिमार्जन र स्वीकृति गर्न देहायका सदस्यहरु रहने गरी एक निर्देशक समिति रहनेछः

| | |
|---|---|
| (क) उपाध्यक्ष, आयोग | संयोजक |
| (ख) मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| (ग) अध्यक्ष, जिल्ला समन्वय समिति महासङ्घ | सदस्य |
| (घ) सदस्य (सबै), आयोग | सदस्य |
| (ङ) गभर्नर, नेपाल राष्ट्र बैङ्क | सदस्य |
| (च) सचिव (सबै), नेपाल सरकार | सदस्य |

(छ) प्रमुख तथ्याङ्क अधिकारी, राष्ट्रिय तथ्याङ्क कार्यालय — सदस्य

(ज) प्रमुख सचिव, प्रदेश (सबै) — सदस्य

(झ) उपाध्यक्ष, प्रदेश योजना/नीति तथा योजना आयोग (सबै) — सदस्य

(ञ) प्रमुख कार्यकारी अधिकृत, लगानी बोर्ड नेपाल — सदस्य

(ट) अध्यक्ष, नेपाल नगरपालिका सङ्घ — सदस्य

(ठ) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ — सदस्य

(ड) अध्यक्ष वा प्रमुख, निजी क्षेत्र (उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्श, नेपाल राष्ट्रिय उद्योग व्यापार सङ्गठन) — सदस्य

(ढ) अध्यक्ष, सहकारी क्षेत्र (राष्ट्रिय सहकारी महासङ्घ लगायत) — सदस्य

(ण) अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ — सदस्य

(त) महाशाखा प्रमुख, राष्ट्रिय योजना आयोग (आर्थिक व्यवस्थापन महाशाखा) — सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित अन्य पदाधिकारी वा विषयविज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

(३) समितिको बैठक योजना तर्जुमा अवधिभर कम्तीमा २ पटक बस्नेछ।

(४) समितिको संयोजकको निर्देशनमा समितिको सदस्य-सचिवले बैठकको आह्वान गर्नेछ।

(५) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै बैठक बस्ने मिति, समय र स्थान तथा कार्यसुची सहितको सूचना सम्पूर्ण सदस्यलाई दिनुपर्नेछ।

(६) यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) दीर्घकालीन नीति र तथ्यपरक योजना तर्जुमाका लागि अर्थतन्त्रका समष्टिगत तथा क्षेत्रगत स्थिति विश्लेषण गरी आयोगले तयार गरेको योजनाको अवधारणा-पत्रको मस्यौदा उपर राय/सुझाव दिने र स्वीकृतिका लागि सिफारिस गर्ने,

(ख) अवधारणा-पत्रको मस्यौदा उपर आवश्यकतानुसार छलफल तथा परामर्श गर्ने,

(ग) योजना दस्तावेजको ढाँचा तथा संलग्न गर्नुपर्ने विषयवस्तु, योजनाको गन्तव्य, लक्ष्य तथा उद्देश्य, आयोजना/कार्यक्रम प्रस्तावको ढाँचा, नतिजा खाकाको ढाँचा तथा विषयवस्तु र क्षेत्रको प्रारूप निर्धारण गर्ने,

(घ) आयोगबाट तयार गरिएको योजनाको मस्यौदा उपर छलफल गरी राय/सुझाव सहित राष्ट्रिय विकास परिषद्मा पेश गर्न सिफारिस गर्ने,

(ङ) योजना तर्जुमाको क्रममा आवश्यकता अनुसार विषयक्षेत्रगत समिति र समन्वय समितिलाई मार्गदर्शन गर्ने।

(७) दफा ३ को उपदफा (६) बमोजिम सिफारिस भई आएको अवधारणा-पत्र आयोगबाट स्वीकृत हुने र योजनाको मस्यौदा राष्ट्रिय विकास परिषद्को बैठकबाट अनुमोदन गरिनेछ।

## ४. विषय क्षेत्रगत समितिः

(१) योजना तर्जुमाका लागि देहायअनुसारका विषय क्षेत्रगत समिति र संयोजक रहनेछन्:

१. समष्टिगत आर्थिक खाका तथा समग्र योजना — उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ

| | | |
|---|---|---|
| २. | आर्थिक क्षेत्र | सदस्य डा. रामकुमार फुयाल<br>सदस्य डा. जयकान्त राउत |
| ३. | पूर्वाधार तथा वातावरण क्षेत्र | सदस्य डा. प्रभु बुढाथोकी |
| ४. | सामाजिक क्षेत्र | सदस्य प्रा.डा. आर.पी. विच्छा<br>सदस्य डा. रमेशचन्द्र पौडेल |
| ५. | संस्थागत विकास तथा सुशासन | सदस्य डा. अनिता शाह ढुंगाना |

(२) समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:

| | | |
|---|---|---|
| (क) | आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्य | संयोजक |
| (ख) | आयोगका सम्बन्धित क्षेत्र हेर्ने महाशाखा प्रमुख | सदस्य |
| (ग) | महाशाखा प्रमुख, योजना महाशाखा (सम्बन्धित मन्त्रालय/निकाय) | सदस्य |
| (घ) | आयोगका आर्थिक व्यवस्थापन महाशाखाका प्रतिनिधि | सदस्य |
| (ङ) | आयोगका सम्बन्धित क्षेत्र हेर्ने कार्यक्रम निर्देशक | सदस्य-सचिव |
| (च) | प्रतिनिधिहरू, निजी क्षेत्र (सम्बन्धित विषय क्षेत्रसँग सम्बन्धित) | आमन्त्रित सदस्य |
| (छ) | प्रतिनिधिहरू, सहकारी क्षेत्र (सम्बन्धित विषय क्षेत्रसँग सम्बन्धित) | आमन्त्रित सदस्य |
| (ज) | प्रतिनिधिहरू, गैरसरकारी क्षेत्र (सम्बन्धित क्षेत्रसँग सम्बन्धित) | आमन्त्रित सदस्य |

(३) समितिले आवश्यकतानुसार अन्य व्यक्ति तथा संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा समावेश गर्न सक्नेछ।

(४) आवश्यकतानुसार विषयक्षेत्रगत विज्ञबाट परामर्श सेवा लिन सकिनेछ।

(५) विषयक्षेत्रगत समितिको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) दफा ५ बमोजिमको प्राविधिक समितिबाट प्राप्त विषयक्षेत्रगत परिच्छेद, आयोजना/ कार्यक्रम, सूचक तथा तथ्याङ्क उपर विश्लेषण तथा परिमार्जन गर्ने,

(ख) विषयक्षेत्रगत परिच्छेदको ढाँचा तथा संलग्न गर्नुपर्ने विषयवस्तु, आयोजना/ कार्यक्रम प्रस्तावको ढाँचा, नतिजा खाकाको ढाँचा तथा नतिजा सूचक लगायतका योजनासँग सम्बन्धित विभिन्न ढाँचा तथा विषयवस्तु तथा क्षेत्र निर्धारण गर्न निर्देशक समितिलाई सहयोग गर्ने,

(ग) योजना कार्यान्वयनका लागि आवश्यक लगानी तथा सार्वजनिक खर्चको आकलन गर्ने,

(घ) लगानी तथा सार्वजनिक खर्च निर्धारण विधि निर्धारण गर्ने,

(ङ) विषय क्षेत्रगत परिच्छेदमा अन्तरक्षेत्रगत रणनीतिगत/कार्यनीतिगत समन्वय स्थापित गर्ने,

(च) विषय क्षेत्रगत एकीकृत मस्यौदा तयार गर्ने।

## ५. प्राविधिक समितिः

(१) योजनाको मस्यौदा तयार गर्ने क्रममा विषय क्षेत्रगत समन्वय, सहयोग र सहजीकरण तथा प्राविधिक विषयका कार्य सम्पादन गर्न देहाय बमोजिमको प्राविधिक समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | महाशाखा प्रमुख, राष्ट्रिय योजना आयोग (सम्बन्धित मन्त्रालय/निकाय हेर्ने) | - संयोजक |
| (ख) | प्रतिनिधिहरू, सम्बन्धित मन्त्रालय/निकाय | - सदस्य |
| (ग) | कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोग (सम्बन्धित मन्त्रालय/निकाय हेर्ने) | - सदस्य |
| (घ) | योजना अधिकृत, राष्ट्रिय योजना आयोग (सम्बन्धित मन्त्रालय/निकाय हेर्ने) | - सदस्य-सचिव |

(२) यस समितिमा आवश्यकतानुसार आमन्त्रित सदस्यहरू रहन सक्नेछन्।

(३) यस समितिले आवश्यकता अनुसार विज्ञको सेवा लिन सक्नेछ।

(४) यस समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) निर्धारित ढाँचा बमोजिम विषयक्षेत्रगत परिच्छेदको मस्यौदा लेखन, आयोजना/ कार्यक्रम प्रस्ताव, सूचक तथा लक्ष्य निर्धारण गर्ने,

(ख) योजना कार्यान्वयनका लागि आवश्यक लगानी तथा सार्वजनिक खर्चको अनुमान तथा प्रक्षेपण गर्ने,

(ग) योजना तर्जुमा सम्बन्धी स्वीकृत कार्यतालिका अनुशरण गरी कार्य सम्पादन गर्ने,

(घ) विषयक्षेत्रगत परिच्छेद तथा प्रस्तावित आयोजना, कार्यक्रम तयार गरी विषयक्षेत्रगत समितिमा पेश गर्ने।

६. **समितिको सचिवालयः** आयोगका आर्थिक व्यवस्थापन महाशाखाले निर्देशक समितिको सचिवालय र अन्य समितिको हकमा सम्बन्धित महाशाखा/शाखाले सचिवालयको कार्य गर्नेछ।

७. **योजना तर्जुमाका लागि संस्थागत व्यवस्था सम्बन्धी मार्गदर्शनः** प्रदेश तथा स्थानीय तहले आवधिक योजना तर्जुमा गर्दा यस कार्यविधीलाइ मार्गदर्शनको रूपमा अवलम्वन गर्न सक्नेछन्।

८. **संशोधन गर्न सकिनेः** आयोगले यस कार्यविधिमा उल्लेखित विषयमा आवश्यक संशोधन गर्न सक्नेछ।

***

# सोह्रौं योजना (२०८१/८२-२०८५/८६) तयारीको समयतालिका

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार पदाधिकारी/महाशाखा | सहयोगी पदाधिकारी/महाशाखा | समय सीमा |
|---|---|---|---|---|
| १. | सोह्रौं योजना तयारीसम्बन्धी समय सीमासहितको कार्ययोजना तयारी | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | २०८० जेष्ठ चौथो हप्ता |
| २. | आयोगका उपाध्यक्ष्यको अध्यक्षतामा **निर्देशक समिति** र सदस्यहरूको संयोजकत्वमा **विषय क्षेत्रगत समिति** गठन | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | जेष्ठ चौथो हप्ता |
| ३. | सोह्रौं योजनाको अवधारणा तयारी सम्बन्धमा विज्ञसँगको अन्तरक्रिया:<br>• आयोगका पूर्व पदाधिकारीहरू (उपाध्यक्ष, सदस्य, सदस्य सचिव) सँग समग्र विषयमा अन्तरक्रिया<br>• मन्त्रालयका सचिव र विषयविज्ञसँग क्षेत्रगत (आर्थिक; पूर्वाधार; सामाजिक; अन्तरसम्बन्धित) विषयमा छुट्टाछुट्टै अन्तरक्रिया | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | असार पहिलो हप्ता |
| ४. | सोह्रौं योजनाको अवधारणापत्रको मस्यौदा तयारी र आयोगबाट पारित | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | साउन पहिलो हप्ता |
| ५. | सोह्रौं योजनाको अवधारणापत्र निर्देशक समितिबाट सुझाव सहित स्वीकृति | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | साउन पहिलो हप्ता |
| ६. | विषय क्षेत्रगत मन्त्रालयहरूसँग योजनाको स्वीकृत अवधारणा सहित विस्तृत योजना तर्जुमा सम्बन्धमा प्रारम्भिक छलफल तथा आवश्यक विवरण प्राप्तिसम्बन्धी पत्राचार | सदस्यहरू / सबै महाशाखाहरू | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | श्रावण दोस्रो हप्ता |
| ७. | विषय क्षेत्रगत मन्त्रालयहरूबाट योजनाको लागि विवरण प्राप्ति | सदस्यहरू / सबै महाशाखाहरू | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | भाद्र पहिलो हप्ता |

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार पदाधिकारी/महाशाखा | सहयोगी पदाधिकारी/महाशाखा | समय सीमा |
|---|---|---|---|---|
| ८. | समष्टिगत आर्थिक तथा लगानी खाका (आर्थिक मोडेलिङ सहित) तयारी | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | भाद्र दोस्रो हप्ता |
| ९. | योजनाको विषय क्षेत्रगत मस्यौदा तयारी | सदस्यहरू / सबै महाशाखाहरू | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | भाद्र मसान्त |
| १०. | योजनाको क्षेत्रगत **एकीकृत प्रारम्भिक मस्यौदा (१)** तयारी तथा आयोगबाट स्वीकृति | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | आश्विन दोस्रो हप्ता |
| ११. | राष्ट्रिय विकास परिषद्को गठन; परिषद्का सदस्यहरूलाई एकिकृत प्रारम्भिक मस्यौदाको प्रतिलिपि वितरण | नेपाल सरकार (म.प.) / प्रशासन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | आश्विन तेस्रो हप्ता |
| १२. | प्रदेश र स्थानीय तहमा अन्तरक्रिया (परिषद्का सदस्यहरूसमेतको संलग्नतामा) | उपाध्यक्ष / आर्थिक व्यवस्थापन / प्रशासन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | कार्तिक तेस्रो हप्ता |
| १३. | प्रदेश तथा स्थानीय तहबाट प्राप्त सुझावको आधारमा योजनाको **परिमार्जित मस्यौदा (२)** तयारी | उपाध्यक्ष / आर्थिक व्यवस्थापन / प्रशासन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | मंसिर दोस्रो हप्ता |
| १४. | राष्ट्रियस्तरमा अन्तरक्रियाः<br>सङ्घीय संसदका मा. सदस्यहरू; प्रमुख राजनीतिक दलका पदाधिकारीहरू; नागरिक समाज, विद्वत वर्ग र पेशाविदहरू; नेपाल सरकारका मा. मन्त्री तथा सचिवहरू; विकास साझेदारहरू | उपाध्यक्ष / आर्थिक व्यवस्थापन / प्रशासन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | मंसिर तेस्रो हप्ता |
| १५. | राष्ट्रियस्तरबाट प्राप्त सुझावका आधारमा योजनाको **परिमार्जित मस्यौदा (३)** तयारी | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | पुष दोस्रो हप्ता |
| १६. | परिमार्जित मस्यौदा राष्ट्रिय विकास परिषद्मा पेश गर्न निर्देशक समितिबाट सिफारिस | उपाध्यक्ष / आर्थिक व्यवस्थापन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | पुष तेस्रो हप्ता |

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार पदाधिकारी/महाशाखा | सहयोगी पदाधिकारी/महाशाखा | समय सीमा |
|---|---|---|---|---|
| १७. | राष्ट्रिय विकास परिषद्को बैठक र सुझाव सहित योजनाको अनुमोदन | उपाध्यक्ष / प्रशासन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | पुष मसान्त |
| १८. | राष्ट्रिय विकास परिषद्बाट प्राप्त सुझाव सहित योजनाको **अन्तिम मस्यौदा (४)** तयार गरी स्वीकृतिका लागि नेपाल सरकार (म.प.) मा पेश | उपाध्यक्ष / आर्थिक व्यवस्थापन / प्रशासन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | माघ तेस्रो हप्ता |
| १९. | नेपाल सरकार (म.प.) बाट सोह्रौं योजनाको दस्तावेज स्वीकृति; सोह्रौं योजनाको प्रकाशन | उपाध्यक्ष / आर्थिक व्यवस्थापन / प्रशासन महाशाखा | सदस्यहरू / सबै महाशाखाहरू | २०८० माघ मसान्त |